**National Co-operative Federation of Nepal Ltd.**
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

**राष्ट्रिय सहकारी महासंघ लि. नेपाल**
पुल्चोक, ललितपुर, नेपाल
पो.ब.न. ११८५९, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncfcoop@gmail.com
Website: www.ncfnepal.com.np

च.न १४०/०७६/०७७

मिति : २०७६/०६/२९

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु

**बिषयः तालिम कार्यक्रमहरुमा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरूको नीतिगत, संस्थागत तथा व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रम संचालन गर्दै आईरहेको व्यहोरा सर्वविदितै छ ।

यसै सन्दर्भमा वित्तिय सहकारी सघं/संस्थाहरुको ऋण लगानी र असुलीलाई उपयोगी एंव प्रभावकारी रुपमा संचालन गर्न, सहकारी सघं/संस्थाहरु तथा सदस्यहरुको व्यवसायलाई प्रवर्द्धन गरी उद्यमशीलताको बिकासक गर्न आवश्यक सैदान्तिक एंव व्यवहारिक ज्ञान, शिप प्रदान गरि उत्प्रेरित गर्न र सहकारी ऐन तथा नियमावलीमा भएका मुख्य व्यवस्थाहरुको जानकारी गराउने उद्देश्यका साथ तपसिलमा उलेखित तालिमहरुको आयोजना गर्न गइरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

यसर्थ, सहकारी सघं/संस्थाका संचालक, ऋण उपसमितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापक, एवं ऋण लगानी र असुली संग सम्बन्धीत कर्मचारीहरु एंव अन्य समिति उपसमिति सदस्यहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा अनुभवी विषयविज्ञहरुद्वारा सहजीकरण हुने तपसिलमा उल्लेखित तालिमहरूमा त्यस संघ/संस्थाबाट सहभागिताको लागि हार्दिक अनुरोध छ ।

| क.स | तालिमको शीर्षक | संचालन मिति | समय | शुल्क (प्रति सहभागी) |
|---|---|---|---|---|
| १ | ऋण जोखिम न्यूनिकरण तालिम | २०७६ कार्तिक १९ र २० | १०:०० - ४:०० | रु ३०००।– |
| २ | उद्यमशीलता तथा सहकारी व्यवसाय विकास तालिम | २०७६ कार्तिक २५ र २६ | १०:०० - ४:०० | रु ३०००।– |
| ३ | सहकारी ऐन तथा नियमावली अभिमुखीकरण | २०७६ कार्तिक २८ | १०:०० - ४:०० | रु १५००।– |

**पूनश्चः**

- उक्त तालिमहरु यस महासंघको तालिमहल पुल्चोक ललितपुरमा संचालन गरिने छ ।
- सहभागीहरुलाई स्टेशनरी, खाजा र प्रमाणपत्र उपलब्ध गराइने छ ।
- रजिष्ट्रेशन शुल्क वापतको रकम महासंघको कार्यालयमा नगदै जम्मा गर्न वा यस महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैकको खाता नं. १३०००१४ बानेश्वर शाखामा र राष्ट्रिय वाणिज्य बैकको पुल्चोक शाखाको खाता नं. ११४०००००२६०६ जम्मा गरी बैंक भौचर इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने व्यहोरा समेत अनुरोध छ ।

**बिस्तृत जानकारीका लागि**
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पुल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ५०१००३३, ९८४१३९६३२०
सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

.............................................
(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्वा)
महाप्रबन्धक